**आदरणीय परिवारजन,**
यस पृष्ठसँगै यस प्रतिवेदनमा यहाँको बालबालिकाको बसन्त 2017 को अंग्रेजी भाषा दक्षता मूल्यांकन (ओईएलपीए-OELPA) संलग्न छ। ओईएलपीएमा चारवटा क्षेत्रको प्रगति मापन गरिन्छ: अंग्रेजी सिकिरहेका विद्यार्थीहरूका लागि पढाइ, सुनाइ, लेखाइ र बोलाइ। कुनै विद्यार्थीले यी परीक्षामा तह 1 देखि 5 सम्म प्राप्त गर्न सक्दछ। विद्यालयहरूले ओईएलपीए परीक्षा कुनै बालबालिकालाई अंग्रेजी भाषा सिकाइ कार्यक्रममा पठाउने वा राख्ने कुरा निर्धारण गर्नका लागि प्रदान गर्दछन्। कुनै पनि बालबालिकाको समग्र क्षमता स्तर उसको पढाइ, सुनाइ, लेखाइ र बोलाइका अंकका आधारमा निर्धारण गरिन्छ। यसले कुनै बालबालिका "माथि आउँदै," "प्रगति गर्दै" वा "दक्ष" भन्ने अवस्था देखाउँदछ।
यहाँको बालबालिका अंग्रेजी भाषामा कि त **माथि आउँदै**, कि त **प्रगति गर्दै** वा **दक्ष** हो। यसको अर्थ के हो भन्ने जान्नका लागि तल हेर्नुहोस्। आफ्ना बालबालिकाको अंकका लागि यसै साथ संलग्न प्रतिवेदन हेर्नुहोस्।

## समग्र दक्षताको स्तर

| | |
|---|---|
| **दक्ष** | **दक्ष** – शिक्षणका लागि अंग्रेजी प्रयोग हुने कक्षा कोठमा यस विद्यार्थीले कुनै सहयोगबिना नै काम गर्न सक्दछ। यस विद्यार्थीले अब अंग्रेजी सिकाइ कार्यक्रम छोड्न सक्नेछ। यस विद्यार्थीलाई अब अंग्रेजी भाषाको सिकारुको रूपमा व्यवहार गरिने छैन। चार परीक्षणमा यस विद्यार्थीले 4 र 5 को मात्राको संयुक्त अंक प्राप्त गरेको छ। |
| **प्रगति गर्दै** | **प्रगति गर्दै** – यस विद्यार्थीलाई शिक्षकले अंग्रेजी प्रयोग गर्ने कक्षा कोठामा काम गर्न सक्षम हुनका लागि अंग्रेजी भाषाको शिक्षण आवश्यक हुन्छ। यस विद्यार्थीले अंग्रेजी भाषा सेवा लिइरहने छ। यस विद्यार्थीले संयुक्त रूपमा दक्ष वा माथि आउँदै तहको मानक भेट्याउने अंक प्राप्त गरेन। |
| **माथि आउँदै** | **माथि आउँदै**- यो विद्यार्थी अंग्रेजी सिकाइको शुरुवाती चरणमा छ। यस विद्यार्थीले अंग्रेजी भाषा सेवा लिइरहने छ। यस विद्यार्थीले चार परीक्षामा एक र दुई तहको कुनै संयोजन प्राप्त गरेको छ। |

## ओहियो अंग्रेजी भाषा दक्षता मूल्यांकन – चार परीक्षाहरू

कुनै बालबालिकाले तह 1 देखि तह 5 सम्म **पढाइ, सुनाइ, लेखाइ र बोलाइ** परीक्षामा अंक प्राप्त गर्न सक्दछ। तह 5 भनेको सबैभन्दा उच्च हो। देहाएको तालिकाले चार परीक्षा र तिनहरू मध्ये प्रत्येकमा यहाँको बालबालिकाले कस्तो गर्‍यो भन्ने कुरा देखाउँदछ। प्रत्येक परीक्षामा हरेक तहका बारेमा जान्नका लागि यसको पछाडिको पृष्ठमा हेर्नुहोस्।

| | तह 1 | तह 2 | तह 3 | तह 4 | तह 5 |
|---|---|---|---|---|---|
| पढाइ | | | | | |
| सुनाइ | | | | | |
| लेखाइ | | | | | |
| बोलाइ | | | | | |

मेरो बालबालिकालाई मद्दत गर्नका लागि मैले के गर्न सक्दछु?
आफ्नो बालबालिकाको दक्षताको तहले के जनाउँदछ भन्ने कुराको बारेमा थप विवरणका लागि आफ्नो बालबालिकाको शिक्षकसित कुराकानी गर्नुहोस्। अंग्रेजी सिकाइमा मद्दत गर्नका लागि कक्षाकोठामा उपलब्ध गराइएका सेवाहरूका बारेमा छलफल गर्नुहोस्। अंग्रेजी सिकाइ सुधार गर्न आफ्नो बालबालिकाको शिक्षकलाई घरमा काम गर्न दिनका लागि अनुरोध गर्नुहोस्।

## Reading

तह **5:** आफ्नो कक्षाका अपेक्षा गरिएअनुसार नै विद्यार्थीले विभिन्न प्रकारका लिखित शब्द तथा वाक्य पढ्दछ। विद्यार्थीले कठिन किसिमको लिखित अंग्रेजी बुझ्दछ। आफ्नो कक्षागत तहमा प्रयुक्त सामाजिक तथा कक्षाकोठाको भाषा विद्यार्थीले बुझ्दछ।

तह **4:** विद्यार्थीले प्रायः कक्षा तहका किताब तथा गैरआख्यान लिखित शब्द तथा वाक्यहरू बुझ्दछ तर नयाँ शब्द तथा वाक्य बुझ्नका लागि सहयोग आवश्यक हुन सक्दछ। विद्यार्थीले पढ्दा भुल सुधार गर्दछ।

तह **3:** विद्यार्थीले लिखित दिशा बुझ्दछ र साधारण निष्कर्ष निकाल्न सक्दछ। विद्यार्थीले सामाजिक तथा कक्षाकोठाको भाषा धेरैजसो बुझ्दछ।

तह **2:** विद्यार्थीले छोटा लिखित शब्द तथा वाक्य तथा सामान्य शब्दहरू बुझ्दछ। सामान्य पढ्ने अनुच्छेदका मुख्य विचार बुझ्नका लागि विद्यार्थीले तस्वीर वा आफूलाई थाह भएक अन्य कुराहरू प्रयोग गर्दछ।

तह **1:** विद्यार्थीले एकल शब्द र केही वाक्यांश छुट्याउदछ। विद्यार्थीले साधारण लिखित दिशा पनि बुझ्न सक्दछ। विद्यार्थीले साधारण शब्दको अर्थ पनि बुझ्न सक्दछ।

## Listening

तह **5:** विद्यार्थीले प्रमुख विचार र छलफल तथा व्याख्यानका विस्तृत विवरणलाई छुट्याउछ। विद्यार्थीले वक्ताको उद्देश्य थाह पाउछ र सामाजिक तथा कक्षाकोठको भाषा बुझ्दछ।

तह **4:** एकभन्दा बढी चरण भएको दिशा र दृष्टि बिन्दु विद्यार्थीले बुझ्दछ। विद्यार्थीले सामाजिक तथा कक्षाकोठाको भाषाको एउटा तहसम्म बुझ्दछ।

तह **3:** छोटा वार्तालापमा विद्यार्थीले प्रमुख विचार बुझ्दछ र केही मात्रामा कक्षाकोठाको भाषा पनि बुझ्दछ।

तह **2:** विद्यार्थीले सामान्य बोलिने वाक्य, प्रश्न र एकातर्फी दिशा बुझ्दछन्।

तह **1**: विद्यार्थी केही साझा शब्दहरू तथा एकातर्फी वाक्यांश बुझ्दछन्।

## Writing

तह **5:** विद्यार्थीले विभिन्न उद्देश्य र पाठकका लागि कुनै सहयोगबिना नै लेख्दछ।

तह **4:** विभिन्न प्रकारका शब्द र वाक्य प्रयोग गरी अर्थमा असर नगर्ने केही गल्तीसहित विद्यर्थीले लेख्दछ।

तह **3:** विद्यार्थीले हिज्जे, विराम चिन्ह तथा ठूलो अक्षरमा थुप्रै गल्ती गरेर विभिन्न प्रकारका शब्द तथा वाक्य लेख्दछ।

तह **2:** विद्यार्थीले साधारण कथा वा विवरण सिमित भाषाको प्रयोग गरेर लेख्दछ र यसलाई परिमार्जन गर्नका लागि उसलाई सहयोग आवश्यक हुन्छ।

तह **1:** विद्यार्थी अक्षर नक्कल उतार्न र केही शब्द लेख्न सक्षम हुन सक्दछ तर शब्दले स्पष्ट सन्देश दिँदैन।

## Speaking

तह **5:** विद्यार्थीले भाषा राम्ररी बोल्दछ र उही कक्षामा भएका मातृभाषी विद्यार्थीले जस्तै व्याकरण प्रयोग गर्दछ।

तह 4: प्रायजसो विद्यार्थीको बोली स्पष्ट र व्यवस्थित छ तर बिरलै देखा पर्ने केही गल्तीहरू पनि छन्।

तह 3: सामान्य अवस्थामा विद्यार्थीले राम्ररी बोल्दछ तर व्याकरण तथा शब्द उच्चारणले आफ्ना विचार अभिव्यक्त गर्नका लागि अप्ठेरो पारिदिन्छ।

तह 2: विद्यार्थी साधारण शब्द तथा वाक्यांशमा बोल्दछ तर भाषा, शब्दक्रम र समस्याको श्रोत व्याकरणमा धेरै गल्ती गर्दछ।

तह 1: विद्यार्थीले छोटा, सामान्य वाक्यांशहरू दोहोऱ्याउँछ र अनुरोधका लागि साधारण जवाफ प्रदान गर्न सक्नेछ।